# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१।०४।३०


## भाग-२

# सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको काम, कर्तव्य र जिम्मेवारी

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्य गर्न जिम्मेवारी र अधिकार सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको व्यवस्था गरेको छ । यस शाखाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम रहेको छ :

१. गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क विन्दु (Focal Point)को रुपमा कार्य गर्ने ।

२. गाउँपालिकाको संस्थागत व्यवस्था, सेवा प्रवाह र कार्य वातावरणमा लैङ्गिक उत्तरदायी र समावेशी सुशासन प्रवर्द्धन गर्न आवश्यक सल्लाह र सहयोग गर्ने तथा ती सम्वद्ध कार्य गर्न समिति वा कार्यदल गठन भएमा सो को सचिवालयको रुपमा कार्य गर्ने ।

३. लैससास मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने साथै लैससास सुनिश्चितताको लागि सूचकमा आधारित अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन गर्दै कार्य प्रभावकारीता ल्याउन र नेतृत्वदायी भूमिका अवलम्वन गर्न कार्य विवरण र अधिकार सहितको लैससास सम्पर्क व्यक्तिको व्यवस्था मिलाउने ।

४. गाउँपालिकाले तर्जुमा गर्ने नीति, ऐन, कानुन, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजना, पार्श्वचित्र र अन्य प्रकाशन वा दस्तावेजमा लैससासका विषयवस्तुहरू समावेस गरी मूलप्रवाहीकरण गर्न आवश्यक विषयवस्तुमा सल्लाह सुझाव दिनुका साथै प्राविधिक सहयोग गर्ने ।

५. गाउँपालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गर्न र समय समयमा अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने ।

६. गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या विश्लेषण गरी प्रमाण र तथ्याङ्कका आधारमा लैङ्गिकतामा आधारित विभेद, हिंसा, विपन्नता र गरिवीको समस्या समाधान गर्न लैङ्गिक उत्तरदायी योजना तथा बजेट बनाउन प्राविधिक सहयोग गर्ने ।

७. गाउँपालिकाको योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्दा सबै शाखा, विषयगत समितिहरूलाई लैससास र लैङ्गिक उत्तरदायी कार्यक्रम निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

८. गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति तर्जुमा वा समीक्षा गरी अद्यावधिक गर्ने र सो अनुरुप कार्य गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधि र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

९. बहुपक्षीय सरोकारवाला, निकाय तथा कार्यालयहरूसँग कार्यगत समन्वय कायम गरी लैससास मूलप्रवाहीकरण नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

१०. गाउँपालिकामा लैससास मूलप्रवाहीकरण गर्न आवश्यक मानवीय संसाधनको विकास गर्न क्षमता विकास कार्य योजना बनाई कार्य गर्ने/गराउने ।

११. गाउँपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक प्राविधिक सहयोग, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने, सार्वजनिक सुनुवाई, सामाजिक लेखाजोखा र लैससास परीक्षण, लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१२. गाउँपालिकामा आवधिक तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्न बजेट बाँडफाँट, खर्चको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन प्रणाली लैङ्गिकमैत्री, बालबालिकामैत्री, अपाङ्गमैत्री एवम् समावेशी भए नभएको अध्ययन तथा विश्लेषणबाट प्राप्त नतिजा मध्ये कमजोर पक्षमा सुधार ल्याउन नियमित रुपमा सम्वन्धित शाखा/उपशाखालाई प्राविधिक सहयोग प्रदान गर्नुका साथै निरन्तर सल्लाह सुझाव प्रदान गर्ने ।

१३. माथि उल्लेखित कार्यहरू गर्न क्रियाकलाप र बजेट सहितको स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने ।

आज्ञाले
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत